सन्धिखर्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८३/८४
चलानी नं.

मितिः २०८३/०७/१०
ने.सं. ११४६

कित्तागत विवरण सहित भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा भू उपयोग ऐन २०७६, भू उपयोग नियमावली २०७९ र भूउपयोग कार्यक्रम कार्यान्वयन (दोस्रो संशोधन) निर्देशिका, २०८२ को दफा २७ बमोजिम तयार गरिएको यसै साथ संलग्न भूउपयोग क्षेत्र वर्गीकरण सहितको कित्तागत विवरण भूउपयोग कार्यक्रम कार्यान्वयन (दोस्रो संशोधन) निर्देशिका, २०८२ को दफा २८ र यस नगरपालिकाको स्थानीय भूउपयोग परिषदको मिति २०८३/०६/२२ गतेको निर्णयको आधारमा सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । प्रकाशित विवरणमा कुनै जग्गाधनी वा सरोकारवालाहरुले आफ्नो स्वमित्व तथा हकभोगमा रहेको जग्गामा उपभोग भै रहेको भन्दा फरक किसिमले वर्गिकरण भएको वा कुनै कित्ता छुट भएको भए सो को उजुरीको लागि सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपसिलमा उल्लेखित प्रमाणसहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेस गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिल</u>

१. निवेदन
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
३. जग्गाधनी प्रमाणपूर्जा

२०८३/७/११
(प्रमोद खनाल)
प्रमुख प्रशासकीय अधिकृत